२०७७ सालको ऐन नं. २

मेचीनगर नगरपालिका

मेचीनगर नगरपालिकाको राजपत्र

खण्ड : ३ सङ्ख्या : २ मिति : २०७७/०३/३२

भाग –१
मेचीनगर नगरपालिका

ऐनको नाम : मेचीनगर नगरपालिकाको विनियोजन ऐन, २०७७

नगर सभाबाट स्वीकृत मिति : २०७७।०३।२५
प्रमाणीकरण मिति : २०७७।०३।३१

प्रस्तावना: मेचीनगर नगरपालिकाको आर्थिक वर्ष २०७७।०७८ का सेवा र कार्यहरुको लागि नगरपालिकाको सञ्चित कोषबाट केही रकम खर्च गर्न अधिकार दिन र सोअनुसार रकम विनियोजन गर्न बाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) अनुसार मेचीनगर नगरपालिकाको छैठौं नगर सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "मेचीनगर नगरपालिकाको विनियोजन ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन वि. सं. २०७७ साल साउन १ गतेदेखि प्रारम्भ हुनेछ ।

२. सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार: (१) आर्थिक वर्ष २०७७।०७८ का निम्ति मेचीनगर नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निम्ति अनुसूची – १ मा उल्लिखित चालु खर्च, पूँजीगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु १,३५,५८,००,०००/०० (

एक अरब पैतीस करोड अन्ठाउन्न लाख) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न प्रस्ताव गरिएको छ ।

३. विनियोजन : (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्ने अधिकार दिइएको रकम आर्थिक वर्ष २०७७।०७८का निम्ति मेचीनगर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय र अन्तर्गतको वडा कार्यालयहरु र विषयगत शाखाबाट प्रवाह हुने सेवा र कार्यहरुको लागि विनियोजन गरिएको छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निम्ति विनियोजन गरिएको रकममध्ये कुनै बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्ने प्रस्ताव गरिएको छ । यसरी रकम सार्दा स्थानीय सरकार सञ्चालन (संशोधनसहित) ऐन, २०७४ को दफा ७९ अनुसार एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिने प्रस्ताव गरिएको छ । पूँजीगत खर्च र वित्तीय व्यवस्थापनतर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न नसकिने प्रस्ताव गरिएको छ । तर, चालु तर्फको रकम पूँजीगत खर्च र वित्तीय व्यवस्थापनतर्फको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएका भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढने गरी कुनै एक वा एक भन्दा बढी अन्य शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाकाबाट अनुमोदन गराउनु पर्नेछ ।

(४) यस दफाको अन्यत्र जुनसुकै व्यवस्था भए पनि चालु खर्चमा विनियोजित रकम खर्च नहुने भएमा पूँजीगत कार्यक्रम स्वीकृत गरी खर्च गर्न बाधा पर्ने छैन ।

४. अधिकार प्रत्यायोजन : (१) चालु खर्चतर्फको सम्बन्धित स्वीकृत वार्षिक बजेटको तोकिएको खर्च शीर्षकमा विनियोजित रकममा बढी नहुने गरी कतै दर तोकिएको भए सो दरअनुसार र नतोकिएको भए बजेट सीमाको ख्याल गरी दर स्वीकृत गरी खर्च लेख्ने अधिकार नगर कार्यपालिकाको सिफारिसमा प्रमुखले खर्च तोक्न अधिकार प्रत्यायोजन गरिएको छ ।

(२) उपदफा (१) अनुसारको खर्चका दर पदाधिकारीको पारिश्रमिक, प्रमुख र उप प्रमुखको सहायक र सल्लाहाकारको पारिश्रमिक, चालक, करार सेवाका व्यक्ति तथा निकायका पारिश्रमिक र सेवा शुल्क, तालिम, अभिमुखीकरण कार्यक्रमका सहजकर्ता र सहभागीका भत्ता, नगर सभा, नगर कार्यपालिका र अन्तर्गतका समिति, उपसमितिलगायतका बैठक भत्ता, खाजा खर्च, यातायात खर्च र कर्मचारीले अतिरिक्त समय कार्य गरेको पारिश्रमिक आदि हुनेछ ।

५. थप अनुदान खर्च गर्ने अधिकार : (१) यस ऐनमा उल्लेख भए बाहेक नेपाल सरकार, प्रदेश सरकार, दातृ निकाय, जनसहभागिता वा कुनै पनि स्रोतबाट थप कार्यक्रम संचालन गर्ने गरी संचित कोषमा रकम प्राप्त हुन आएमा सो रकम समेत यसै ऐनबाट विनियोजन भएको मानी सञ्चित कोषमा जम्मा गरी सञ्चित कोषबाट खर्च गर्न बाधा पर्ने छैन ।

(२) यस प्रकारको रकम स्थानीयस्तरमा पारदर्शिताको लागि आगमी हिउँदे नगर सभाबाट नगरपालिकाको वार्षिक नगर विकास योजनामा समायोजन गरी पूरक कार्यक्रमको रुपमा समावेश गराई सार्वजनिक गर्ने व्यवस्था गरिनेछ ।

६. अनुसूचीमा व्यवस्था भएअनुसारको रकम मात्र खर्च गर्नुपर्ने : यस ऐनले विनियोजन गरेको रकम खर्च गर्दा यसै साथ संलग्न अनुसूचीमा उल्लेख भए अनुसार खर्च गर्नु पर्नेछ ।

७. खर्च अनुमोदन : (१) आ.व. २०७७/०७८ का लागि स्वीकृत बजेट तथा कार्यक्रममा क्षेत्रगत मात्र विनियोजन भई क्रियाकलापगत विभाजन हुन बाँकी रहेका बजेट तथा कार्यक्रमहरुको कार्यान्वयन गर्न कार्यपालिका र नगर प्रमुखको निर्णयबाट गरिएका विनियोजनहरु समेत यसै ऐन बमोजिम भएको मानिनेछ ।

(२) आ.व. २०७७/०७८ का लागि स्वीकृत बजेट तथा कार्यक्रममा क्षेत्रगत मात्र विनियोजन भएकोमा नगर कार्यपालिका र नगर प्रमुखबाट क्रियाकलापगत विनियोजन गरी खर्च गर्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिम भएको विनियोजनलाई आगामी नगर सभाको बैठकबाट अनुमोदन गराउनु पर्नेछ ।

अनुसूची – १

दफा २ (१) वमोजिम सञ्चित कोषबाट विनियोजित रकम

क्र.सं.	शीर्षक	चालु खर्च	पूँजीगत खर्च	वित्तीय व्यवस्था	जम्मा
१	नगरस्तरीय	१६,६१,००,०००	३९,६६,००,०००		५६,२७,००,०००
२	वडास्तरीय	७७,००,०००	२२,५०,००,०००		२३,२७,००,०००
३	वित्तीय हस्तान्तरण मार्फत् विषयगत सशर्त अनुदान	४४,१०,००,०००			४४,१०,००,०००
४	सडक बोर्ड नेपालबाट प्राप्त हुने अनुदानबाट कार्य		१,००,००,०००		१,००,००,०००
५	विशेष अनुदान		४,३०,००,०००		४,३०,००,०००
६	वडा स्वास्थ्य कार्यालय भवन निर्माण		५८,००,०००		५८,००,०००
७	ऋणको सावा व्याज भुक्तानी			१,०६,००,०००	१,०६,००,०००
८	समपुरक कोष		५,००,००,०००		५,००,००,०००
जम्मा		६१,४८,००,०००	७३,०४,००,०००	१,०६,००,०००	१,३५,५८,००,०००

आर्थिक वर्ष २०७७/०७८ मा नेपाल सरकार, १ नं. प्रदेश सरकार र अन्य साझेदार निकायबाट प्राप्त हुने सशर्त तथा निःशर्त अनुदानवापतको रकम समेत सञ्चित कोषमा दाखिला भएमा यसै ऐनअनुसार खर्च भएको मानिनेछ ।

आज्ञाले,
महेन्द्रकुमार खाम्याहाङ्ग
प्रमुख प्रशासकीय अधिकृत